# मुटु परीक्षण




**मेरो बच्चाले यो परीक्षण किन प्राप्त गर्नुपर्छ?**
केही बच्चाहरू ढिलो उपचार गरेमा वा उपचार नै नगरेमा खतरनाक हुन सक्ने मुटु रोगको साथमा जन्मिन्छन्। यो परीक्षणले रगतमा भएको कम अक्सिजन स्तरहरूको जाँच गर्छ जसले तपाईंको बच्चालाई मुटुको समस्या वा अन्य स्वास्थ्य सरोकार, जस्तै संक्रमण वा फोक्सोको समस्या भएमा बताउन सक्छ।

**परीक्षण कसरी गरिन्छ?**
परीक्षण दुखाइपूर्ण हुँदैन र छिट्टै हुन्छ। लगभग एक मिनेटको लागि तपाईंको बच्चाको दायाँतिरको हात र उहाँको एउटा खुट्टामा सानो सेन्सर राखिन्छ। नतिजाहरू तुरुन्तै उपलब्ध हुन्छन्।

**मेरो बच्चाले परीक्षण पास नगरेमा के हुन्छ?**
तपाईंको बच्चालाई थप परीक्षण र निदानका लागि विशेषज्ञकोमा निर्दिष्ट गरिनेछ।





pennsylvania
DEPARTMENT OF HEALTH

# सामान्य जानकारी

**मैले कुनै पनि परीक्षणको लागि नाई भन्न सक्छु?**
हो, तपाईंले धार्मिक कारणहरूका लागि कुनै पनि परीक्षणको लागि नाई भन्न सक्नुहुन्छ। तपाईंले आफ्नो बच्चाको लागि यी मध्ये कुनै पनि परीक्षण गर्ने अनुमति दिनुहुन्न भने, तपाईंलाई अभिभावक अस्वीकरण फाराम पूरा गर्न अनुरोध गरिनेछ।

**प्रोग्रामले आमाबुवा र बच्चाहरूलाई कसरी मद्दत गर्छ?**
तपाईंको बच्चामा कुनै पनि परीक्षणको असामान्य नतिजा देखिएमा प्रोग्रामले तपाईंको बच्चाको चिकित्सकलाई सूचित गराउनेछ। प्रोग्रामका नर्सहरूले तपाईंलाई तपाईंको बच्चाले सिफारिस गरिएको थप परीक्षण प्राप्त गर्नुभयो वा भएन, तपाईंले अन्तिम निदान प्राप्त गर्नुभयो वा भएन वा तपाईंले आफ्नो बच्चालाई प्रारम्भिक हस्तक्षेपमा नामांकन गर्नुभयो वा भएन भनी पत्ता लगाउनको लागि समपर्क गर्न सक्नुहुन्छ।

# नवजात परीक्षण बारे आमा-बुवाको लागि महत्त्वपूर्ण जानकारी







pennsylvania
DEPARTMENT OF HEALTH

## नवजात परीक्षण रोडम्याप

बच्चाको जन्म भयो

जन्म पछिको 24 देखि 48 घण्टासम्म तपाईंको बच्चाको स्वास्थ्य जाँच गर्न 3 वटा परीक्षणहरू गरिन्छ:
- रक्त दागको परीक्षण
- मुटु परीक्षण
- श्रवण सम्बन्धी परीक्षण

**श्रवण र मुटु सम्बन्धी परीक्षणहरू को लागि** केही मिनेट मात्र लाग्छ। तपाईंको बच्चा परीक्षण नतिजाहरूका लागि अनुरोध गर्नुहोस्। तपाईंको बच्चाले कुनै पनि परीक्षण पास नगरेमा, आफ्नो प्रदायकलाई अर्को चरणहरूका लागि सोध्नुहोस्।

**रक्त दागको परीक्षण**
तपाईंको बच्चाको नमूना परीक्षणको लागि प्रयोगशालामा पठाइन्छ। नतिजाहरू लगभग सात दिनभित्रमा उपलब्ध हुन्छन्।

**असामान्य नतिजाहरू:** रक्त दागको परीक्षण फेरि असामान्य निस्केमा, तपाईंको बच्चाको चिकित्सक वा सुडेनीलाई सूचित गराइनेछ। तपाईंको बच्चालाई थप परीक्षणको आवश्यकता पर्नेछ। अर्को चरणहरू पत्ता लगाउन आफ्नो बच्चाको चिकित्सक वा सुडेनीसँग कुरा गर्नुहोस्।

**सामान्य नतिजाहरू:** तपाईंको बच्चाको चिकित्सक वा सुडेनीलाई नतिजाहरू पत्राचार गरिन्छ। बच्चाको पहिलो राम्रो भेटमा नतिजाहरूका लागि अनुरोध गर्नुहोस्।

## मेरो बच्चाले किन नवजात परीक्षण प्राप्त गर्नुपर्छ?

थप जानकारीका लागि निम्न नवजात परीक्षणको वेबसाइटमा जानुहोस्:
health.pa.gov, स्वस्थ परिवारमा क्लिक गर्नुहोस्, त्यसपछि नवजात शिशुहरू अन्तर्गतका नवजात परीक्षण खोज्नुहोस् वा 717-783-8143 मा नवजात परीक्षण विभागमा फोन गर्नुहोस्

# रक्त दागको परीक्षण



**मेरो बच्चाले यो परीक्षण किन प्राप्त गर्नुपर्छ?**
धेरै बच्चाहरू जन्मिदा ठीकै देखिन्छन् तर एकदमै दुर्लभ अवस्थाहरूमा गम्भीर बिमारी हुने, अक्षमता हुने वा मृत्यु हुने चिकित्सा अवस्था हुन सक्छ। यी अवस्थाहरूका लागि उपचारहरू उपलब्ध छन् जसको लागि परीक्षण गरिन्छ। छिट्टै पहिचान गरिएका थुप्रै बच्चाहरू स्वस्थ रूपमा हुर्किन सक्छन्। तपाईंको बच्चालाई परीक्षण गर्न सकिने अवस्थाहरूको पूरै सूची हेर्नका लागि, नवजात परीक्षण प्रोग्राम (प्रोग्राम) वेबसाइटमा जानुहोस् वा नमूनामा कस्ता अवस्थाहरू समावेश हुन सक्छन् भनी पत्ता लगाउन आफ्नो बच्चाको चिकित्सक वा सुडेनीसँग कुरा गर्नुहोस्।

**परीक्षण कसरी गरिन्छ?**
तपाईंको बच्चाको हिलबाट थोरै रगतको थोपा लिएर फिल्टर कागजमा राखिन्छ, जुन त्यसपछि परीक्षणको लागि नवजात परीक्षण प्रयोगशालामा पठाइन्छ। तपाईंको बच्चाको चिकित्सक वा सुडेनीलाई नतिजा बारे सूचित गराइनेछ।

**मेरो बच्चाको असामान्य नतिजा आएमा के हुन्छ?**
तपाईंलाई पूरा गरिएको पुनरावृत्ति फिल्टर कागज प्राप्त गर्न आफ्नो बच्चालाई जन्म भएको सुविधा वा तपाईंको बच्चा डेलिभर गरेको सुडेनीसँग फर्काउन अनुरोध गरिन सक्छ वा तपाईंलाई अतिरिक्त परीक्षण वा निदानका लागि विशेषज्ञसँग निर्दिष्ट गरिन सक्छ।

**परीक्षणहरू पूरा भएपछि फिल्टर कागजहरूलाई के गरिन्छ?**
फिल्टर कागजलाई एक वर्षसम्म राखिन्छ। त्यसपछि, फिल्टर कागजलाई नष्ट गरिनेछ। फिल्टर कागजलाई कहिल्यै पनि अनुसन्धानका लागि प्रयोग गरिनेछैन। तपाईंले फिल्टर कागज तपाईंलाई वा तपाईंको बच्चाको चिकित्सकलाई प्रोग्रामको वेबसाइटमा देखिने जारी गर्ने फाराम पूरा गरी जारी गर्न अनुरोध गर्न सक्नुहुन्छ।

# श्रवण सम्बन्धी परीक्षण

**मेरो बच्चाले यो परीक्षण किन प्राप्त गर्नुपर्छ?**
बच्चाहरूको श्रवण शक्ति गुमेमा त्यसलाई निर्धारण गर्न एकदमै गाह्रो हुन्छ। उनीहरूले राम्रोसँग सुन्न नसक्दा पनि सामान्य सुन्न सक्ने हुन सक्छन्। तपाईंको बच्चाको श्रवण शक्ति सामान्य छ वा छैन वा थप परीक्षण आवश्यक पर्छ वा पर्दैन भनी हेर्नका लागि श्रवण परीक्षण जाँच गरिनेछ। तपाईंको बच्चाले राम्रोसँग नसुनेमा, उनीहरूको विकासमा सम्भावित रूपमा समस्याहरू हुनसक्छन्। श्रवण शक्ति गुमेको निदान गरेर छिट्टै उपचार गर्दा, तपाईंको बच्चाले श्रवण शक्ति नगुमेको बच्चामा भएअनुसारको समान भाषा जस्ता सीपहरूको विकास गर्न सक्छन्।

**परीक्षण कसरी गरिन्छ?**
एउटा सानो मेसिनले नरम आवाज प्ले गर्छ जसले बच्चाले ती आवाजहरूमा कत्तिको राम्ररी प्रतिक्रिया जनाउँछ भनी मापन गर्दछ। परीक्षण दुखाइपूर्ण हुँदैन र तपाईंको बच्चा शान्त रूपमा निदाउँदा वा आराम गर्दा सञ्चालन गरिनेछ। तितीजाहरू तुरून्तै उपलब्ध हुनेछन्।

**मेरो बच्चाले परीक्षण पास नगरेमा के हुन्छ?**
तपाईंको बच्चालाई एक महिनाको उमेर अघि अर्को श्रवण शक्ति परीक्षण गर्न आवश्यक पर्न सक्छ। तपाईंको बच्चा फेरि पास नभएमा, तपाईंलाई थप परीक्षण र निदानका लागि विशेषज्ञकोमा निर्दिष्ट गरिनेछ।

